जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक २९८ | २०७९ साल असार २७ गते सोमबार | (11 July 2022 Monday) | मूल्य रु. ५/-

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log in : rajbirajdainik.com.np

*यस अंक भित्र :* २ पृष्ठमा : बेरोजगारी अन्त्य गर्न यस्ता छन्. ३ पृष्ठमा : एसपिपीसम्बन्धी कुनै निर्णय ... ३ पृष्ठमापाकिस्तानी प्रमभन्दा उनका ...

# टेन्डर भइसकेको सडकमा पुनः प्रदेश सरकारको लगानी बजेट सिध्याउन असार २५ गते रातीदेखी मर्मत कार्य सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २६ असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. १ स्थित लौनिया-तिलाठी खण्डको सडक निर्माणका लागि टेन्डर भइसकेको अवस्थामा मधेश प्रदेश सरकारको लगानीमा मर्मत कार्य सुरु भएको छ ।

यती मात्र नभएर सो सडकको मर्मत कार्यका लागि शनिबार असार २५ गते रातीदेखी काम सुरु भएको छ । उक्त कार्यप्रति स्थानियहरुले बिरोध जनाएपनि शनिबार राती कार्य बन्द गरेर आइतबार बिहानदेखी पुनः सो कार्य सुरु भएको छ ।

सोही सम्बन्धमा आइतबार नेकपा माओवादी केन्द्र र नेकपा एमालेका स्थानिय नेताहरुले पत्रकार सम्मेलन गरेर उक्त कार्यमा व्यापक आर्थिक चलखेल भएको आरोप लगाएका छन् ।

आयोजित पत्रकार सम्मेलनमा नेकपा माओवादी केन्द्रका स्थानिय नेता सम्बोध झाले टेन्डर प्रक्रिया पुरा भई ठेकेदार कम्पनीले काम सुरु गर्ने तयारी गरिरहेकै बेला उक्त सडक खण्डमा ठेकेदार



कम्पनीलाई समेत कुनै जानकारी नदिई स्थानिय केही व्यक्तिको संलग्नताको उपभोक्ता समिति मार्फत बजेट सिध्याउने खेल भइरहेको आरोप लगडाए ।

उनले उक्त सडक खण्डको २ किलोमिटर भागमा असार २५ गते रातीदेखी स्थानिय केही व्यक्तिले माटो ग्राभेलको काम सुरु गरेको जानकारी दिए । तर, सो उपभोक्ता समिति कहिले गठन भयो, कति लागत छ, कहिले सम्म काम गर्ने हो भन्ने कुरा सो वडाका वडा अध्यक्ष दिनेश्वर मिश्रलाई पनि थाहा नभएको बताए ।

पत्रकार सम्मेलनमा नेकपा एमालेका स्थानिय नेता भोगानन्द मिश्रले वडा अध्यक्ष दिनेश्वर मिश्रलाई उद्धृत गर्दै भने, उक्त कार्यका लागि कति बजेट आयो, कुन उपभोक्ता समिति र कसको निर्देशनमा सो काम थालिएको भन्ने बारे कुनै जानकारी नरहेको बताए ।

नेकपा माओवादी केन्द्रका अर्का स्थानिय नेता मुकेश यादवले टेन्डर भइसकेको सडकमा प्रदेश सरकारबाट प्राप्त बजेट सिध्याउन स्थानिय केही व्यक्ति मिलेर माटोको ग्राभेल गर्ने काम थालिएकोले त्यसको अविलम्ब छानबिन गरि सत्यतथ्य पत्ता लागाउन माग समेत गरे ।

यता वडा अध्यक्ष मिश्रले वर्षाका कारण आवतजावतमा समस्या भएपछि प्रदेश सरकारको बजेटबाट तत्काल मर्मत सम्भार कार्यका लागि वडाबाट सिफारिस गरिएको बताउँदै उनले यस बाहेक आफूलाई कसरी कार्य भइरहेको तथा कति बजेट र कसले निर्माण गरिरहेको बारे कुनै जानकारी नरहेको स्पष्ट पारे ।

बिरौल-देउरीभरुवा र देउरीभरुवा-तिलाठी दुबै सडक खण्डको निर्माणका लागि २०७९ बैशाख महिनामै पूर्वाधार विकास कार्यालयले ५५/५५ करोडमा आई चण्डि विल्डर्सलाई ठेक्का दिइसकेको छ । १६/१६ किलोमिटर दुबै सडक निर्माण कार्यका लागि ८ दशमलव ५ मिटर चौडाई र ५ दशमलव ५ मिटर पिच गरिने सम्झौता पत्रमा उल्लेख रहेको सोही ठेकेदार कम्पनिका एक इन्जिनियरले जानकारी दिएका छन् ।

उनले उक्त सडक खण्डको निर्माण कार्य आगामी असोज महिनादेखी सुरु गरिने बताउँदै यसबारे सम्बन्धीत निकायमा समेतलाई जानकारी गराइसकेकाले हाल सो खण्डमा कसले, कसको आदेशमा काम सुरु गरेको हो भन्ने कुरा आफूहरुलाई कुनै जानकारी नभएको प्रतिक्रिया दिए ।

# चित्रगुप्त सेवा समितिका नवनिर्वाचित पदाधिकारीद्वारा सपथ एवं पदभार ग्रहण




**दैनिक समाचारदाता**
**राजविराज, २६ असार ।**

चित्रगुप्ता सेवा समिति राजविराजका नवनिर्वाचित पदाधिकारीहरुले सपथ लिदै पदभार ग्रहण गरेका छन् ।

राजविराज २ स्थित चित्रगुप्त मन्दिर प्राङ्गणमा आइतबार आयोजित एक कार्यक्रमबीच नवनिर्वाचित पदाधिकारीहरुले सपथ लिदै पदभार ग्रहण गरेका हुन् ।

कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त नर्सिङलाल कर्णले नवनिर्वाचित अध्यक्ष विमल कुमार कर्णलाई सपथ गराउँदै पदभार गराएका थिए भने अन्य पदाधिकारी तथा सदस्यहरुलाई अध्यक्षले सपथ तथा पदभार ग्रहण गराएका थिए ।

चित्रगुप्ता सेवा समितिका अध्यक्ष अशोक कुमार कर्णको अध्यक्षता तथा मधेश प्रदेशसभा सदस्य मनिष कुमार सुमनको प्रमुख आतिथ्यमा आयोजित उक्त कार्यक्रममा राजविराज नगरपालिका वडा नम्बर २ का अध्यक्ष अरुण कुमार यादव, हलुवाई समाज सप्तरीका अध्यक्ष चन्देश्वर प्रसाद साह, उद्योग बाणिज्य संघ सप्तरीका कोषाध्यक्ष प्रमोद काबारा, ब्राह्मण सेवा समाजका विवेकानन्द मिश्रा, सेफ द सप्तरीका अध्यक्ष ध्रुव देव, नवनिर्वाचित अध्यक्ष विमल कुमार कर्ण लगायतले शुभकामना मन्तव्य व्यक्त गरे ।

चित्रगुप्ता सेवा समितिका महासचिव रन्धिर कुमार कर्णद्वारा संचालित कार्यक्रममा स्वागत निवर्तमान उपाध्यक्ष हरिमोहनलाल कर्णले गरे ।

गत असार ४ गते सम्पन्न निर्वाचनबाट अध्यक्षमा विमल कुमार कर्ण, उपाध्यक्षमा रमेश मल्लिक, महासचिवमा रन्धिर कुमार कर्ण, सचिवमा सुरेन्द्र कुमार कर्ण, कोषाध्यक्षमा राजेश कुमार कर्ण निर्वाचित भएका थिए । यसैगरी सदस्यहरुमा राजिव कुमार कर्ण, दिलिप कुमार दास, राजिव कुमार कर्ण (पंकज), रिता कुमारी मल्लिक, महेश चन्द्र दास, विप्लव आनन्द निर्वाचित भएका थिए ।

# भुक्तानी निकासाका लागि आर्थिक वर्षको अन्त्यसम्मको व्यवस्था गरिदिन संघ सरकारसँग माग

**दैनिक समाचारदाता**
**जनकपुर, २६ असार ।**

मधेश सरकारले योजना तथा कार्यक्रमलाई पूर्णता दिन र पूर्णता प्राप्त गरिसकेका कार्यक्रमको भुक्तानी निकासाका लागि आर्थिक वर्षको अन्त्यसम्मको व्यवस्था गरिदिन संघ सरकारसँग माग गरेको छ ।

प्रदेश सरकारका अर्थमन्त्री शैलेन्द्र साहले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै उक्त माग गर्दै संघीय सरकार मातहतको महालेखा नियन्त्रक कार्यालयले मिति २५ असारदेखि निकासा भुक्तानी गर्ने प्रदेश तथा स्थानीय तहको प्रणाली बन्द गर्दा प्रदेशमा पूर्णता प्राप्त गर्नै लागेका तथा सम्पन्न भई कागजात मात्र मिलाउनुपर्ने धेरै वटा योजना तथा कार्यक्रमको निकासा भुक्तानी गर्ने काम हुन नसकेको उल्लेख छ ।

‘निर्धारित समयसीमाको अन्तिम दुई दिन १२/१२ घन्टा सर्भर डाउन भएकाले समेत कयौं निकासा भुक्तानी भएन’ विज्ञप्तिमा भनिएको छ, ‘मधेस प्रदेश सरकारले २३ असारमा असारको अन्तिम दिनसम्म निकासा भुक्तानी मिलाउन संघ सरकारलाई आग्रह समेत गरिसकेको तर, प्रदेश मन्त्रिपरिषद्को आग्रहप्रति संघ सरकारले संवेदनशीलता नदेखाई ऐनमा व्यवस्था नभए पनि नियमावलीका भरमा निकासा भुक्तानीको समयावधि संकुचित गर्दा प्रदेशमा खर्च हुन सकेन । कुनै पनि सरकारले खर्च गर्न नसक्नु अर्थतन्त्रका लागि सकारात्मक सन्देश होइन ।’

*बाँकी अन्तिम पृष्ठमा*

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय ....

# भ्रष्टाचार नियन्त्रण गर्नु आवश्यक

आफूलाई फाइदा पुऱ्याउने नियतले वा आफूले घुस, नलिएको व्यक्तिलाई हानि पुऱ्याउने कालो नियतले प्रेरित भई एउटै नीतको विनियमको कानुनको अलगअलग अर्थ लगाई खासलाई फाइदा पुऱ्याउने र अन्यलाई बेफाइदा पुऱ्याउने गरी अर्थ लगाउनु वा निर्णय गर्नुलाई नीतिगत (नैतिक) भ्रष्टाचार भनिन्छ ।

आर्थिक भ्रष्टाचारले व्यक्ति समाज र राष्ट्रलाई क्षणिक बढी र दीर्घकालिन रुपमा केही कम प्रभाव पर्छ भने नीतिगत भ्रष्टाचारले तत्काल खासै प्रभाव नपारे पनि भविष्यमा खतरनाक र दीर्घकालीन असर पार्छ । नीतिगत भ्रष्टाचार मन्दी वषय हो । यसले कालान्तरमा ज्यान अवश्य मार्छ एउटै विषयको निर्णय गर्दा व्यक्ति पिच्छे घुस खाएर फरक निर्णय गर्नुपर्न पनि नीतिगत भ्रष्टाचर हो । पारदर्शी कार्यप्रक्रिया नबनाई मनमौजी वा तजबिजी निर्णय दिनु पनि नीतिगत भ्रष्टाचार हो ।

यसबाट साविकको नियमावली मुताविक उत्तीर्ण नहुने व्यक्तिहरु पछिल्लो नियमावलीले सजिलै उत्तीर्ण भए । यो राज्यकै तर्फबाट भएको नीतिगत भ्रष्टाचारको नमुना हो । व्यक्तिले त नेपालमा कामै पिच्छे नीतिगत भ्रष्टाचार गर्छन भन्दा आयुक्ति नहोला । फरक कति छ भने कसैले व्यक्तिगत फाइदाका लागि गर्छ, कसैले दबाबका कारण गर्छ । तसर्थ यस्ता सबै प्रकारका भ्रष्टाचारलाई रोक्न वा निरुत्साहित गर्न तल्लो स्तरबाटै जनता जागरुक हुनु आवश्यक छ । जनताले नै सो कार्यलाई निरुत्साहित गर्न नसके भयांकर रुपमा परिणत भई आफैमा पर्न सक्ने खतरा समेत पर्न आउछ ।

# संघीयता कार्यान्वयनसँगै गाउँगाउँमा सरकार पुगेको छ : शैलेन्द्रप्रसाद साह अर्थमन्त्री, मधेस प्रदेश सरकार



काठमाडौं, २६ असार (रासस) ।

आगामी आर्थिक वर्ष २०७९/८० को बजेटले मधेस प्रदेशको अर्थतन्त्रलाई सकारात्मक दिशामा लैजाने लक्ष्य राखेको छ । कृषि, पर्यटक क्षेत्रको प्रवर्द्धन गरी प्रदेशको आर्थिक वृद्धिदर ४ दशमलव ८ प्रतिशतमा पुऱ्याउने र प्रदेशलाई समृद्ध बनाउने परिकल्पना गरेको छ । सोही आधारमा प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको छ । प्रदेशको नामकरण र राजधानीको टुङ्गो लागेपछि प्रस्तुत गरिएको बजेटको प्राथमिकतामा कृषि क्षेत्र छ । त्यस्तै वन, पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रले पनि उत्तिकै महत्व पाएको छ ।

अघिल्ला वर्षभन्दा अहिलेको बजेट उत्साहजनक र जनतामुखी भएको सत्तापक्षले दाबी गरिरहँदा प्रतिपक्षी दलहरुले बजेटमा खासै नयाँपन नरहेको र कार्यान्वयमा चुनौती देखिनसक्ने टिप्पणी गरिरहेका छन् । यसै सन्दर्भमा बजेटमा समेटिएका विषयवस्तु, प्राथमिकता र कार्यान्वयनमा देखिन सकिने चुनौतीलगायतका विषयमा मधेस प्रदेश सरकारका प्रवक्तासमेत रहनुभएका अर्थमन्त्री शैलेन्द्रप्रसाद साहसँग राष्ट्रिय समाचार समिति (रासस) का संवाददाता रमेश लम्सालको संयोजनमा मधेस प्रदेश कार्यालय जनकपुरधामका निमित्त प्रमुख राजु विश्वकर्माले गर्नुभएको कुराकानी

**आगामी आव २०७९/८० का लागि मधेस प्रदेश सरकारका तर्फबाट प्रस्तुत भएको बजेटमा खासगरी नयाँ विषय केकस्ता समावेश गर्नुभएको छ ? ती विषयले यस प्रदेशका नागरिकको अपेक्षालाई सम्बोधन गर्न सक्छ भन्ने तपाइँलाई लाग्छ ?**

बजेटमा कुनै पनि सरकारको राजनीतिक, आर्थिक, सामाजिक प्रतिबद्धता हुन्छ । सरकारको आम्दानी र खर्चका रूपमा अभिव्यक्त हुने यस्तो प्रतिबद्धता वस्तुनिष्ठ र यथार्थपरक हुनुपर्छ । हामीले विगतको आर्थिक अवस्थाको अभिलेखन, चालु आवका आर्थिक स्थितिको चित्रण र आगामी आवको आर्थिक योजनाको प्रक्षेपण गरिरहँदा प्रदेश सरकारको वित्तीय नीति र कार्यान्वयनको अवस्थालाई पनि केन्द्रमा राखेका छौँ । बजेट व्यवस्थापन, सामाजिक आर्थिक परिवर्तन तथा व्यवस्थापकीय नियन्त्रणको साधन पनि बजेट भएकाले पनि प्रादेशिक कोष सञ्चालनको अख्तियारी दिने यो बजेटमा सर्वसाधारणको हितोन्नयनलाई प्राथमिकतामा राखेका छौँ ।

आव २०७९/८० को बजेट निर्माण गर्दा हामीले नेपालको संविधानले प्रदान गरेका अधिकार, नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, १५ औँ आवधिक योजना, मधेस प्रदेशको प्रथम आवधिक योजनाले अङ्गीकार गरेका उद्देश्य, लक्ष्य, नीति र कार्यक्रम, प्रदेश सरकारका वार्षिक नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्य, पूर्वबजेट छलफलका क्रममा प्राप्त सुझाव आदिलाई समेटेका छौँ । त्यसैले यसपालिको बजेट तुलनामकरूपमा वृहत् तथा पूर्ण आर्थिक मार्गचित्र कोरेको अनुभव तपाईंहरूले पनि गर्नुभएको होला । सामान्यता स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्र विकासका सूचक पूर्वस्थापित र अभ्यास गरिरहँदाका परिणाममै आधारित हुन्छ । त्यसैले बजेटमा समेटिने भनेको विषयवस्तु धेरै नै पृथक हुन्छ भन्ने छैन । तर अन्तर्राष्ट्रिय भूराजनीति र राष्ट्रिय राजनीतिकलगायतका विविध कारणले सिर्जित अवस्था र आवश्यकताका आधारमा प्रदेशको बजेट ल्याउनुपर्ने हुन्छ ।

प्रदेशका केही रणनीतिक चासोका कारण पनि बजेटमा मौलिकता र विशेषता थपिन्छन् । कोभिड महामारीका कारण थला परेको देशकै अर्थतन्त्र तङ्ग्रिने बेलामा अन्तर्राष्ट्रिय समस्याका कारण इन्धनलगायतका सामग्रीमा ह्वात्तै मूल्यवृद्धि भएको छ । यसले उत्पादन र उत्पादकत्वमा नै प्रतिकूल असर परिरहेको छ । अन्तर्राष्ट्रिय सङ्कटले कृषि, उद्योग र पर्यटन विकास तथा विस्तारबाट प्रदेश अर्थतन्त्रलाई मजबुत बनाउने प्रयाससमेत चुनौतीपूर्ण बनेको छ । यद्यपि, सबैखाले प्रतिकूलताका बाबजुद पनि मधेस प्रदेशमा गरिबीको मात्रामा कमी आएको छ । बालमृत्यु दर, खानेपानी, सम्पत्तिका सूचकहरूलगायतमा उल्लेखनीय प्रगति भएको छ ।

समुन्नत र समृद्ध मधेसका लागि हामीले केन्द्रमा राख्ने भनेको जनसाङ्ख्यिक लाभांश र प्रदेशको उर्वर भूमिको सदुपयोग नै हो । यी सँगै उद्यमशीलता विकास, लगानी अभिवृद्धि र सेवा व्यवसायको प्रवर्द्धनबाट आठ प्रतिशत आर्थिक वृद्धि गर्ने बजेट परिलक्षित छ । यसले गरिबी न्यूनीकरण गरी नागरिकको समृद्धिमार्फत अपेक्षाको सम्बोधन हुने कुरामा म विश्वस्त छु ।

तपाईंले बजेटका प्राथमिकता र उद्देश्य अध्ययन गर्नुभयो भने मानवीय क्षमता विकास, लगानी प्रवर्द्धनमार्फत उद्यमशीलता विकास र रोजगारी अभिवृद्धि गरी गरिबी न्यूनीकरण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा लगानी अभिवृद्धि गरी नागरिकको जीवनस्तरमा सुधार, कृषिजन्य पैदावारको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि र विविधीकरण गरी कृषि उत्पादनमा आत्मनिर्भर हुने विषय समेटिएको छ । यस्तै भौतिक पूर्वाधार निर्माण गरी लगानी आकर्षण गर्नुका साथै नारिकको जीवनस्तरमा सुधार ल्याउने, कानुनमा समयसापेक्ष परिमार्जन, आधुनिक प्रविधिको प्रयोग र संस्थागत सुदृढीकरणमार्फत सार्वजनिक सेवा प्रवाह प्रवाहलाई थप प्रभावकारी र जनमुखी बनाउने भनेका छौँ ।

यसका अतिरिक्त निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक खेती प्रणालीमा रूपान्तरण गर्न जग बसाल्ने, सार्वजनिक निजी साझेदारीमार्फत पुँजी, सीप र प्रविधिमा लगानी बढाई प्रादेशिक उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी रोजगारी सिर्जना गर्ने, मानव संशाधन विकास, सामाजिक न्याय तथा सशक्तीकरण, भौतिक पूर्वाधार निर्माणमा जोड, उद्योग तथा पर्यटन विकास, पर्यावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन र जोखिम न्यूनीकरण, जनमुखी सार्वजनिक सेवाप्रवाह तथा सुशासन प्रवर्द्धन आदि विषयलाई समेटेका छौँ ।

**अघिल्ला आवका बजेटमा समावेश गरिएका धेरै विषयलाई यहाँले बजेटमा समावेश गर्नुभएको छ ? किन त्यसो गर्नुभयो ? बजेटको निरन्तरता कि ? अरु केही हो भन्ने ठान्नुहुन्छ ?**

टुक्रे योजनामा लगानी गर्नैं हुँदैन भन्ने छैन । तर ठूलो आकारमा र दीर्घकालीन उपलब्धि हासिल गर्न ठूल्ठूला योजना आवश्यक हुन्छ । त्यसैले प्रदेश सरकारले सुरुदेखि नै बजेट सदुपयोग हुने र प्रतिफल आउने वहुवर्षीय योजनामा जोड दिँदै आएको छ । अर्थमन्त्रीका रूपमा मैले ती योजनालाई अलपत्र पर्न नदिन बजेट व्यवस्थापन गर्नैपर्ने हुन्थ्यो । साथै समृद्ध मधेस प्रदेशका लागि प्रदेश सरकारका प्राथमिकताबारे थाहा पाइसक्नुभयो । प्राथमिकता भने एक रातमा बन्ने र अर्को रातमा भत्कने भन्ने हुँदैन । लक्ष्य प्राप्त नहुँदासम्म रहिरहने हो । त्यसैले विगतको बजेट दोहोरियो भन्ने लाग्न सक्छ । वास्तवमा बजेट भनेकै विगत र आगतको मिश्रित दस्तावेज हो ।

**गत आव र चालु आवको बजेट कार्यान्वयनको गति हेर्दा, अपेक्षित सफलता हासिल हुन सकेको छैन ? चार वर्षमा पनि किन प्रदेश सरकारले आर्थिक विकासमा लय समात्न नसकेको होला ?**

हो, बजेट कार्यान्वयनमा समस्या छ । प्रादेशिक शासनको अभ्यास देशकै लागि नौलो हो । गत चार वर्षयता सङ्घीयता संस्थागत हुने क्रममा छ । सुदृढ बन्न अझै समय लाग्छ । प्रदेश सरकारसँग जनशक्ति र साधन स्रोतको अभाव छ । सङ्घीय कानुन नबन्दा प्रदेशका केही अत्यावश्यक र महत्वपूर्ण ऐन कार्यान्वयन हुन सकिरहेका छैनन् । थप ऐन बनाउन मुस्किल भइरहेको छ । प्रदेशको एकल अधिकार क्षेत्रमा हस्तक्षेप भइरहेको छ । सङ्घ र प्रदेशका साझा अधिकारमा अलमल छ । प्रदेश र स्थानीय तहबीच समन्वयमा कठिनाइ छ । यसले गर्दा पनि योजना कार्यान्वयनमा समस्या उत्पन्न भएका छन् । तर हामी वित्तीय अनुशासनभित्र रहेर बजेट कार्यान्वयन होस् भन्ने प्रयासमा छौँ । बजेट व्यवस्थापन गर्न प्रदेश अर्थ मन्त्रालयले तत्परता देखाएको छ । त्यसैले म सरकार वा संयन्त्रकै कारणले मात्र बजेट कार्यान्वयन नभएको कुरा स्वीकार गर्दिन । विधि र प्रक्रियाको सरलीकरणमार्फत समयभित्र योजना सम्पन्न गराउने कामले मूर्तता पाउँदैछ ।

**बजेटमाथिको छलफल प्रारम्भ भएको छ, कहिलेसम्ममा बजेट पारित हुन्छ ?**

हो, बजेटमाथि सदनमा छलफल भइरहेको छ । म चाहन्छु बजेटमाथि गम्भीर, सघन र सार्थक छलफल होस् । छलफलपछि एउटा पूर्वनिर्धारित प्रक्रियाबाट बजेट छिट्टै पारित हुन्छ ।

**मन्त्री र नेताहरुको निर्वाचन क्षेत्रमा बजेट बढी केन्द्रित गरेकाले कार्यान्वयनमा**

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

संघीयता कार्यान्वयनसँग...

**चुनौती आउनसक्ने प्रतिपक्षी दलले आरोप लगाएका छन् ? साँच्चिकै बजेट कार्यान्वयनमा चुनौती आउन सक्छ ?**

प्रतिपक्षीको धर्म के हो ? सत्ता पक्षको विरोध र आलोचना । तर आरोपका लागि आरोपभन्दा रचनात्मक सुझाव आउँदा सरकार सञ्चालनमा सघाउ पुग्छ । बजेटका अन्तर्वस्तुमाथि टिप्पणी होस् भन्ने मेरो पनि चाहना छ । मन्त्री र नेताका क्षेत्रमा बढी बजेट विनियोजन भएको भन्ने कुरा गलत र भ्रामक हो । बजेट बनाउने केही आधार र मापदण्ड हुन्छन् । मागदर्शक सिद्धान्त, विधि र प्रक्रियाको परिधिमा रहेर योजनातर्जुमा तथा बजेट व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

तपाईलाई स्मरण होला मैले रोस्ट्रममै उभिएर भने कि खर्च गर्न नसक्ने, विवरण अद्यावधिक गर्नसक्ने, आवश्यक कागजात तयार गर्न नसक्ने कार्यालयमा बजेट पठाउन कठिन भएको हो । तिनमा कुनै पनि जिल्लाका कार्यालय पर्न सक्छ । कनिका भैँ बजेट छर्ने प्रवृत्ति निरुत्साहित हुँदा पनि कुनै खास जिल्लामा कम बजेट गएको अनुभूति हुन सक्छ । तर प्रदेश सरकार आवश्यकता र औचित्यका आधारमा जुनसुकै योजनाका लागि स्रोत सुनिश्चत गर्न तयार छ ।

**चालु आवमा समेटिएका धेरै विषय कार्यान्वयन भएनन् भन्ने जनगुनासो छ ? सरकारी संयन्त्रको असफलता हो कि हाम्रो प्रणालीमै कहीँकतै समस्या पो हो कि ?**

पुँजीगत खर्च नहुनु देशकै समस्या हो । यसलाई अर्थतन्त्रका लागि राम्रो मान्न सकिँदैन । प्रदेश अर्थ मन्त्रालयले कुन कार्यालयले कति खर्च गऱ्यो वा किन खर्च गर्न सकेनन् भन्ने विषयमा अध्ययन गरिरहेको छ । स्रोत सुनिश्चित हुँदाहुँदै पनि खर्च गर्न नसक्नेहरूबाट बजेट सरेन्डर गराएर अघि बढ्न सकिन्छ कि भन्ने विकल्पमा पनि विचार हुँदैछ । जुनसुकै कारणले भए पनि बजेट थन्कनुभन्दा आवश्यक आयोजनामा खर्च गर्न सकिन्छ भनेर नै हामीले विचार गरेका हौं ।

रकमान्तर भएको सही प्रायोजनमा खर्च होस् भनेर हामीले निकै कडाइ गरेका छौं । तर, पनि रकमान्तरका लागि केही दिनअघिसम्म मन्त्रालयमा फाइल आउँदै गरेको मैले सदनमै भनेको थिएँ । आर्थिक वर्ष सकिनै लाग्दा रकमान्तर गराउन खोज्ने प्रवृत्तिलाई मत्थर गर्दै जानुपर्छ । यसका लागि सबै पक्षको सङ्कल्प आवश्यक छ ।

आवको सुरुदेखि नै विकास बजेट खर्च नहुने पुरानै समस्या छ । असारको अन्त्यमा हतारमा विकास बजेट खर्च हुने सिलसिला रोकिएको छैन । सार्वजनिक खरिद ऐनका केही प्रावधानका कारण ठेक्का दिने प्रक्रिया निकै जटिल बनेको छ । त्यसमा पनि सुधार आउनुपर्नेछ । यसको अर्थ प्रक्रिया नपुऱ्याई र बिनाप्रतिस्पर्धा ठेक्का दिने भन्ने होइन । साथै खर्च बढाउन कर्मचारी र निर्माण व्यवसायी दुवैको क्षमता अभिवृद्धि गर्न जरुरी छ । असारे विकासको विकल्पसमेत भनेर ल्याइएको बहुवर्षीय योजना कार्यान्वयनमा तीव्रता ल्याइनुपर्छ । प्रदेश अर्थ मन्त्रालय समयमै बजेट निकासा गर्ने र सुशासनसहित योजना सम्पन्न गराउन नियमित अनुगमन प्रणाली मजबुत बनाउन लागिपरेको छ ।

**समग्रमा हेर्दा मधेस प्रदेश सरकारको खर्च गर्ने क्षमता असाध्यै कमजोर देखिएको छ ? किन खर्च बढ्न नसकेको हो ?**

खर्च क्षमता बढाउनु भनेको अनियमित र जथाभावी खर्च गर्नु होइन । मैले अघि नै भनिसकेँ कि सरकारसँग उपलब्ध संयन्त्र र जनशक्ति अभाव, कानुनी जटिलता तथा निर्माण व्यवसायीको हेलचक्र्याइँका कारण पनि पुँजीगत खर्च हुन सकिरहेको छैन । तर प्रदेश सरकार यी समस्या समाधानका लागि गम्भीरतापूर्वक अघि बढेको छ । यसपालिबाट निश्चित समयभित्रमै काम सम्पन्न हुने स्थिति सिर्जना हुन्छ ।

**प्रदेश सरकारका निकायहरुमा बेरुजु पनि छ भने सुनिन्छ, के कति बेरुजु छ त ? बेरुजुको समस्या समाधानका लागि के कस्ता प्रयास गरिरहनुभएको छ ?**

प्रदेश सरकारका निकायहरुमा बेरुजु हुनसक्छ । त्यसको यकीन भइसकेको छैन । हाम्रो मन्त्रालय बेरुजु फछ्र्योटका लागि आफ्ना सम्बन्धित निकायलाई निर्देशन दिइरहेको छ । बेरुजु नरहोस् भन्ने सोचका साथ हामीको खर्च गर्ने प्रणालीमा हामीले सुधार गरेका छौं । पेश्की लिने तर फछ्र्योट नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न हामी लागेका छौं ।

**प्रदेश सरकारको स्थायी संरचना बनाउने भन्दै बजेट विनियोजन गर्नुभएको छ ? कहाँ बन्छ त्यो संरचना ? जग्गा खोजी गरेको छ सरकारले ? त्यसका प्रक्रियाका बारेमा केही बताइदिनुस् ? अनि चार वर्षसम्म त्यो काम बढाउन नसकेकामा पछुतो छैन तपाईलाई ?**

प्रदेश सरकारको आफ्नो स्थायी संरचना नहुँदा समस्या हुँदै आएको छ । सरकारले संरचना निर्माणका लागि बजेट पनि विनियोजन गरेको छ । केही महिनाअघि स्थायी संरचना निर्माणका लागि जग्गा छनोटलगायतका कार्यका लागि मन्त्रिस्तरीय समिति बनेको थियो । त्यो समितिले सरकारलाई आफ्नो सुझावसहितको अध्ययन प्रतिवेदन बुझाइसकेको छ । समितिले हाल मधेस प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायहरु रहेको जनकपुरधामस्थित जनकपुर चुरोट कारखाना परिसरमै स्थायी संरचना बनाउँदा उपयुक्त हुने सुझावसहितको प्रतिवेदन आइसकेकाले डिपिआर तयार पारेर सरकारले स्थायी संरचना निर्माणको काम अघि बढाउँछ ।

**प्रदेश सरकार बनेपछि तराई-मधेसका जनताको जीवनस्तरमा के कस्ता सुधारहरु आए भन्ने ठान्नुहुन्छ ? नागरिकस्तरमा उल्लेख्यरुपमा उत्साह देखिन सकेन भन्ने छ ? त्यस्तै हो र ?**

सङ्घीयता कार्यान्वयन भएसँगै गाउँगाउँमा सरकार पुगेको छ । जनताले हरेक सुविधा आफ्ना गाउँबाटै पाउन थालेका छन् । प्रदेश सरकारले पनि जनताको जीवनस्तरमा परिवर्तन ल्याउने, आर्थिक वृद्धिदरमा सुधार गर्दै विकास र समृद्धिको यात्रा तय गर्ने योजनाहरुलाई महत्वका साथ अघि बढाएको छ । परिवर्तन हुने कुरा विस्तारै हुँदै जाने हो । तर विगतको भन्दा यहाँका नागरिकहरुको जीवनमा सुधार हुन थालेको छ ।

**मधेस प्रदेश सरकारअन्तर्गत रहेका कतिपय स्थानीय तहले हालसम्म पनि चालु आवको बजेट प्रस्तुत गरेका छैनन्, आगामी आव पनि त्यस्तै हुने सङ्केत देखिएका छन् ? त्यसलाई समाधान गर्न प्रदेश सरकारको तर्फबाट केही पहल गर्नुपर्छ भन्ने लागेको छैन ?**

प्रदेशका अधिकांश स्थानीय तहहरुले बजेट ल्याइसकेका छन् । थोरैमा मात्र केही कारणले हुन नसकेको हामी पाएका छौं । सङ्घीयता कार्यान्वयनको चरण रहेकाले कर्मचारी व्यवस्थापनमा समस्या देखिएको छ । कतिपय स्थानीय तहमा अझै कर्मचारीहरु अपुग छन् । जसका कारण काम गर्न असहज भइरहेको गुनासो आइरहेका छन् । हामी ती स्थानीय तहहरुलाई समयमै बजेट ल्याउन भन्दै आएका छौं । हामीले पनि सक्दो पहल र प्रयत्न गरिरहेका छौं ।

**सङ्घीय सरकारले उपलब्ध गराउने अनुदानका भरमा मात्रै हालसम्म प्रदेश सरकारहरु चल्ने अवस्था छ ? त्यसलाई क्रमशः कम गर्दै आत्मनिर्भर बन्नेतर्फ केही नयाँ कार्यक्रम अगाडि सार्दै हुनुहुन्छ ?**

निश्चितरुपमा प्रदेश सरकारले सङ्घीय सरकारको अनुदानबाट मात्रै नभई आत्मनिर्भर बन्ने बाटोमा अघि बढ्न खोजिरहेको छ । प्रदेशको समृद्धिको मुख्य आधार नै कृषि, पर्यटन, वन, उद्योग नै हो । त्यसैले हामी यी क्षेत्रलाई प्राथमिकतामा राखेर नयाँ कार्यक्रमहरु ल्याएका छौं । हामीले मानवीय क्षमता विकास, लगानी प्रवर्द्धनमार्फत उद्यमशीलता विकास र रोजगारी अभिवृद्धि गरी गरिबी न्यूनीकरण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा लगानी अभिवृद्धि गरी नागरिकको जीवनस्तरमा सुधार, कृषिजन्य पैदावारको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि र विविधीकरण गरी कृषि उत्पादनमा आत्मनिर्भर हुने, भौतिक पूर्वाधारहरू निर्माण गरी लगानी आकर्षण गर्नुका साथै नागरिकको जीवनस्तरमा सुधार ल्याउने, कानुनमा समयसापेक्ष परिमार्जन, आधुनिक प्रविधिको प्रयोग र संस्थागत सुदृढीकरणमार्फत सार्वजनिक सेवा प्रवाह प्रवाहलाई थप प्रभावकारी र जनमुखी बनाउने दिशामा सरकार अघि बढेको छ ।

**तपाई मधेस सरकारको महत्वपूर्ण मन्त्रालयको नेतृत्वसमेत समाल्नुभएको छ ? त्यसमाथि तपाई एउटा पार्टीको जिम्मेवार नेता पनि हुनुहुन्छ ? आगामी सङ्घीय र प्रदेशसभाको निर्वाचनमा सरकारमा रहेका दलहरुबीचको सहकार्य र मोर्चालाई थप प्रभावकारी बनाउन केकस्ता प्रयास भइरहेका छन् ?**

स्थानीय तह निर्वाचनमा सङ्घीय सत्ता गठबन्धनका दलहरू विभिन्न ठाउँमा गठबन्धन गरेका थियौँ । तर नढाँटीभन्दा गठबन्धनका दलहरूबीच हुनुपर्ने कसिलो सहकार्य भएन । हाम्रो पार्टी जसपा नेपालले अरू राजनीतिक दललाई मत दियो तर हामी अन्य दलका मत प्राप्त गर्न सकेनौँ । अब प्रतिनिधिसभा र प्रदेशसभाको आसन्न निर्वाचनमा हुने गठबन्धन वा तालमेलप्रति सबै राजनीतिक दल इमान्दार हुनेछन् भन्ने अपेक्षा गरौँ । अहिले पनि सङ्घीय गठबन्धन छँदैछ । शीर्ष तहमा चुनावी तालमेल गर्ने अनौपचारिक सहमति पनि छ । समयअनुसार यसको प्रारूप आउँछ नै ।

**अन्त्यमा राससमार्फत केही बताइदिनुहुन्छ कि ?**

अस्थिर राजनीतिक परिदृश्यका बीच पनि मधेस प्रदेश सरकारको नेतृत्व जसपा नेपालले गरिरहेको छ । हामी पाँच वर्षको कार्यकालको उत्तरार्द्धमा छौँ । प्रदेश शासन सञ्चालनको अभ्यास हाम्रा लागि पनि नौलो नै थियो । तर हामीले जनताका आशा, अपेक्षा र भरोसाअनुसार काम गर्ने प्रयत्न गर्यौं । जसको प्रतिफल विस्तारै देखिनेछन् । म आग्रह गर्छु कि प्रदेशको समृद्धिका लागि दलीय सङ्कीर्णताभन्दा माथि उठेर ऐक्यबद्ध भएर अघि बढौं ।

# विश्व समाचार

## ‘श्रीलंका सङ्कटका कारण भारतमा शरणार्थी समस्या छैन’

तिरुवनन्तपुरम (भारत), २६ असार (रासस/एएनआई) ।

विदेश मन्त्री एस जयशङ्करले टापुराष्ट्र श्रीलङ्कामा विकसित घटनाक्रमलाई नजिकबाट नियालीरहेको बताउँदै श्रीलङ्का सङ्कटका कारण देशमा शरणार्थी समस्या नरहेको स्पष्ट गरेका छन् । दक्षिण भारतका मतदातालाई भारतीय जनता पार्टीको पक्षमा पार्ने प्रयासमा दक्षिणी राज्य केरला भ्रमणमा रहेका उनले भारत सरकारबाट श्रीलङ्कालाई निरन्तर सहयोग भइरहेको तथा थप मद्तको प्रयास पनि जारी रहेको जानकारी दिँदै उनले श्रीलङ्कालीले आफ्ना समस्या समाधान गरिरहेकाले त्यहाँको वस्तुस्थितिको निरन्तर निगरानी गरिएको र अहिले शरणार्थी सङ्कट नभएको बताए ।

विदेशमन्त्रीको उक्त अभिव्यक्तिले कठिन समयमा भारत कसरी आफ्ना छिमेकीको साथमा उभिएको छ भन्ने झल्काउँछ । अभूतपूर्व राजनीतिक एवम् आर्थिक सङ्कटको सामना गरिरहेको श्रीलङ्कालाई ‘छिमेक पहिलो नीति’अन्तर्गत कठिनाइबाट पार लगाउन कोलम्बोको अनुरोधलाई भारतले तत्काल सम्बोधन गरेको बताए । पूर्वाधार निर्माण र नवीकरणीय ऊर्जाको माध्यमबाट दुई देशबीचको आर्थिक सम्बन्धमा बढोत्तरी भइरहेको जानकारी दिँदै उनले तीन अर्ब ५० करोड अमेरिकी डलर सहयोग गरेको बताए । जीवनदायी औषधि, खाद्यान्न र इन्धन खरिदका लागि उक्त रकम प्रदान गरिएको हो ।

भारत-श्रीलङ्का सम्बन्ध सुमधुर रहेको र त्यहाँका जनतालाई सघाउन सधैँ तत्पर रहेको स्पष्ट गर्दै उनले श्रीलङ्काली जनताप्रति भारतको ऐक्यबद्धता रहेको स्पष्ट गरे । आर्थिक सङ्कट अन्त्य गर्न भारतीय सहयोग जारी रहेको बताउँदै उनले श्रीलङ्काली जनतालाई आर्थिक सहायता, विदेशी मुद्रा सहयोगलगायत सहायता गरिरहेको र बितेका दुई महिनामा २५ टनभन्दा बढी औषधि र चिकित्सा सामग्रीको प्रदान गरेको जानकारी दिए । यसैबीच, श्रीलङ्कास्थित भारतका उच्चायुक्त गोपाल बाग्लेले आइतबार श्रीलङ्काका कृषिमन्त्री महिन्दा अमरवीरालाई भेटेर ४४ हजार मेट्रिकटनभन्दा बढी युरिया आइपुगेको जानकारी दिएका छन् । भारत सरकारले ऋण सहयोगअन्तर्गत उक्त मल उपलब्ध गराएको हो । श्रीलङ्काली जनतालाई सहयोग गर्न र उनीहरूको खाद्य सुरक्षा सुनिश्चितताका निम्ति भारत प्रतिबद्ध रहेको र पछिल्लो सहयोग द्विपक्षीय सहयोगको प्रबल प्रतीक रहेको उनले बताए ।

## युक्रेनलाई एक अर्ब सात करोड अमेरिकी डलर सहयोग

किएभ, २६ असार (रासस/सिन्ह्वा) ।

केही समययतादेखि रुसको आक्रमणबाट आक्रान्त रहेको युक्रेनले विश्वका दाताबाट सहयोग रकम प्राप्त गर्ने क्रममा पछिल्लो समयमा युक्रेनले विभिन्न दाताबाट एक अर्ब सात करोड (१.७ बिलियन) अमेरिकी डलर बराबरको सहयोग प्राप्त गर्ने भएको छ । सो कुराको जानकारी युक्रेनका प्रधानमन्त्री डेनिस सिमहलले जानकारी दिएका छन् । प्रधानमन्त्री डेनिसले शनिबार युक्रेनले विभिन्न दाताहरुबाट सो रकम प्राप्त गर्न लागेको जानकारी दिएका हुन । सो रकम विश्वका विभिन्न दाता राष्ट्रबाट प्राप्त हुन लागेको र विकास र पुनर्निर्माणसम्बन्धी अन्तरराष्ट्रिय बैंकमार्फत् सो रकम प्राप्त हुने भएको पनि समाचारमा जनाइएको छ ।

विकास र पुनर्निर्माणसम्बन्धी अन्तरराष्ट्रिय बैंक, अन्तरराष्ट्रिय अमेरिकी सहयोग नियोग (यसएस एजेन्सी फर इन्टरनेशनल डेभलप्मेन्टमार्फत्) सो सहयोग उपलब्ध हुने जानकारी दिइएको छ । यहाँका औषधिसम्बन्धी कार्यक्रम र अन्य पुनर्निर्माणका क्षेत्रमा यो सहायता रकमको उपयोग गरिने जानकारी प्रधानमन्त्री डेनिसले दिएका छन् । रुसको आक्रमणमा परेको युक्रेनले यही सन् २०२२ को अन्त्य सम्ममा करिब २० अर्ब अमेरिकी डलर बराबरको सहायता प्राप्त गर्ने योजना बनाएको यहाँका अर्थमन्त्रीले जानकारी दिएका छन् । अमेरिका, बेलायत, जर्मनीलगायतका पश्चिमा देशले युक्रेनलाई सहयोग गर्ने बाचा पनि गरेका छन् ।

## ‘बगैंचामा व्यस्त रहँदा मानसिक स्वास्थ्य सबल हुनसक्छ’

वासिङटन, २६ असार (रासस/एएनआई) ।

बोटबिरूवा वा फूलपात लगाएर बगैँचामा आफूलाई व्यस्त तुल्याउँदा मानसिक स्वास्थ्य सबल हुनसक्ने सुझाव हालै गरिएको एउटा नयाँ अनुसन्धानले दिएको छ । बगैँचामा पहिले कहिल्यै काम नगरेकाले पनि बिरुवासँग काम गर्दा मानसिक स्वास्थ्यलाभ गर्न सक्ने फ्लोरिडा विश्वविद्यालयका वैज्ञानिकले गरेको अनुसन्धानले देखाएको हो । प्लोस वान जर्नलमा प्रकाशित प्रतिवेदनअनुसार फूलबारी वा बगैँचामा आफूलाई व्यस्त राख्दा तनाव, चिन्ता र मानसिक चिन्ता कम हुनेछ । अनुसन्धानका क्रममा वैज्ञानिकहरूले सहभागी गराएका स्वस्थ्य महिलामा मानसिक चिन्ता अतिकम भएका पाए । साताको दुईपटक बगैँचा वा फूलबारीसम्बन्धी गतिविधिमा सरिक भएका २६ देखि ४९ वर्षका ३२ महिलामाथि गरिएको अध्ययनले उनीहरू चिन्तामुक्त भएको देखायो । अध्ययनमा सहभागी गराइएका महिलाले यसअघि फूलबारी वा बगैँचामा काम गरेका थिएनन् ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

